जनकपुरधाम उपमहानगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्र
अनुसूची २
(दफा ४ तथा अनुसूची (१) को भाग (२) संग सम्बन्धित )

# स्थानीय राजपत्र

खण्ड १० संख्या २ मिति २०८३।०२।२० गते

## भाग - २

### जनकपुरधाम उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

### हिंसा प्रभावित महिला तथा बालिका सम्बन्धी निर्देशिका, २०८३

**प्रस्तावना**: नेपालले महिला अधिकारको संरक्षण र सम्वर्द्धनका लागि महिला तथा बालिका विरद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी महासन्धी (CEDAW) र संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं.१३२५ र १८२० (UNSCR1325,1820) र विभिन्न अन्तराष्ट्रिय दस्तावेजहरुमा जनाइएका प्रतिवद्धताहरु, नेपालको संविधान र प्रचलित नेपाल कानूनमा महिला र बालिकाका हकाधिकारलाई सम्बोधन र सकार गर्दै, जनकपुरधाम उपमहानगरपालिकाक्षेत्रभित्र हिंसा प्रभावित महिला तथा बालिकालाई केन्द्रमा राखी छिटो, छरितो र प्रभावकारी रुपले आवश्यक सेवा, सुरक्षा, संरक्षण र सहायता दिई सीपमूलक तालिम, आय आर्जनमा शिक्षा र स्वास्थ्यमा सहयोग दिई पारिवारिक तथा सामाजिक समावेशीकरण एवं पुनर्मिलन गराउन हेतु निर्देशिका बनाई लागू गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र जनकपुरधाम उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन,२०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी जनकपुरधाम उपमहानगरपालिकाको नगर कार्यपालिकाले निर्देशिका बनाई लागू गरेको छ।

**अनुसूची २**

**(दफा ४ तथा अनुसूची (१) को भाग (२) संग सम्बन्धित )**

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम **हिंसा प्रभावित महिला तथा बालिका सम्बन्धी निर्देशिका, २०८३** रहेको छ ।

(२) यो निर्देशिका जनकपुरधाम उपमहानगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा बाहेक यस निर्देशिकामा :

(क) "उपमहानगरपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "कार्यालय" " भन्नाले उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले यस निर्देशिकाको दफा ४ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ।

(ङ) "हिंसा" भन्नाले उपमहानगरपालिकाक्षेत्रभित्र महिला तथा बालिका विरुद्ध हुने सबै प्रकारका कसूरजन्य दुर्व्यवहार वा क्रिया सम्झनु पर्छ।

(च) "पीडित" भन्नाले उपमहानगरपालिकाक्षेत्रभित्र हिंसा प्रभावित महिला तथा बालिका सम्झनु पर्छ।

(छ) "घटना व्यवस्थापक" भन्नाले पीडित वा पीडितको तर्फबाट अरु कसैले दिएको निवेदन लिने, दर्ता गर्ने र तत्सम्बन्धमा आवश्यक कार्य गरी गराई पीडितलाई आवश्यक सेवा, सुरक्षा, संरक्षण, सहायता र सहयोग गर्ने निकाय वा संस्था वा पदाधिकारी सम्झनु पर्छ ।

(ज) “प्राथमिक सेवाप्रदायक” भन्नाले पीडितलाई घटना व्यवस्थापकसंग आवश्यक समन्वय गरी गराई पीडितलाई प्राथमिक रुपमा आवश्यक सेवा, सुरक्षा, संरक्षण, सहायता र सहयोग गर्ने निकाय वा संस्था वा पदाधिकारी सम्झनुपर्छ ।

## परिच्छेद-२

## निर्देशिकाको उद्देश्य

**३. निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ:**

(क) हिंसाका सवालहरुको सम्वोधनका लागि सकृय रुपमा कार्य गर्ने गराउने ।

(ख) स्थानीय स्तरमा कार्यरत निकायहरुलाई परिचालन गरी एकीकृत रुपमा पीडितलाई छिटो, छरितो र प्रभावकारी सेवाप्रवाह गर्ने गराउने ।

(ग) पीडितलाई अन्तरिम र दिर्घकालीन आवश्यकताहरुमा सहयोग पुऱ्याउने, पुऱ्याउन लगाउने तथा सम्बद्ध निकायहरु बीच समन्वय स्थापना गर्ने ।

(घ) पीडितको अधिकारको संरक्षणका लागि रणनीतिक रुपमा उच्च प्राथमिकताका साथ क्रियाशिल रहने ।

**अनुसूची २**

**(दफा ४ तथा अनुसूची (१) को भाग (२) संग सम्बन्धित )**

## परिच्छेद-३

## पीडितलाई उपलब्ध गराइने सेवा र सहयोग

**४. समितिको गठन र सचिवालय:**

(१) उपमहानगरपालिकाले दफा ३ बमोजिमका उद्देश्य प्राप्तिको लागि उपमहानगरपालिकामा देहाय बमोजिमको एक समिति गठन गर्नेछ:

उपमहानगरपालिकाको उपप्रमुख ...................................................... अध्यक्ष

कार्यालयको प्रमुख प्रशासकीय अधिकृत ...................................................... सदस्य

उपमहानगरपालिकाको प्रमुखले तोकेको एकजना महिला कार्यपालिका सदस्य .................................................................................................. सदस्य

उपमहानगरपालिकाको न्यायिक समितिले तोकेको प्रतिनिधि........................... सदस्य

सम्वन्धित जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सम्वन्धी शाखाको शाखा प्रमुख......................................................................... सदस्य

हिंसा प्रभावित क्षेत्रमा उपमहानगरपालिकाक्षेत्रभित्र क्रियाशिल गैर सरकारी संस्थाहरु मध्ये अध्यक्षले तोकेको एक जना प्रतिनिधि................................... सदस्य

उपमहानगरपालिकाको महिला तथा बालबालिका सम्वन्धी कार्य हेर्ने सम्वन्धित शाखाको शाखा प्रमुख........................................................................ सदस्य सचिव

(२) समितिको सचिवालय उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहने छ।

(३) समितिको बैठक सामान्यतया प्रत्येक महिनामा एक पटक बस्न सक्ने छ। अध्यक्ष, प्रत्येक सदस्य र अमन्त्रित व्यक्तिले यातायात खर्च वापत रु. एक हजारको दरले उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयबाट पाउने छ।

**५. समितिको काम, कर्तव्य र अधिकार: समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

(क) पीडितलाई मनोसामाजिक सेवा वा सहायता दिने, दिन सहयोग गर्ने ।

(ख) पीडितलाई सुरक्षा, संरक्षण र आवास सेवा सुविधाको व्यवस्था गर्ने, गर्न सहयोग गर्ने।

(ग) पीडितलाई चिकित्सा सेवा वा सहायता उपलब्ध गराउने, गराउन सहयोग गर्ने।

(घ) पीडितलाई कानूनी सेवा वा सहायता उपलब्ध गराउने, गराउन सहयोग गर्ने।

(ङ) पीडितलाई सीपमूलक तालिम तथा व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने, गराउने।

(च) पीडितलाई शिक्षामा सहयोग गर्ने गराउने ।

(छ) दुर्व्यसनको शिकार भएका पीडितलाई पुनर्स्थापना गर्ने, गर्न सहयोग गर्ने।

(ज) पीडितलाई उद्धार गरी गराई अन्तरिम संरक्षणको व्यवस्था गरी गराई पारिवारिक तथा सामाजिक समावेशीकरण गर्ने गर्न मद्दत पुऱ्याउने।

(झ) प्रेषण सेवा प्रदान गर्ने।

(ञ) पीडितको सम्पर्कमा रही पीडितलाई सक्दो सहायता, सहानुभूति र आवश्यक सेवा उपलब्ध गराउने, गराउन सहयोग गर्ने।

(ट) पीडितको हकहित संरक्षण सम्वन्धी सम्वद्ध निकाय तथा पदाधिकारीहरुसंग आवश्यक समन्वय र सहकार्य गर्ने।

(ठ) पीडितको हकाधिकार संरक्षण र पीडितलाई सहायता तथा सहयोग पुग्ने अरु आवश्यक कार्य गर्ने, गर्न सहयोग एवं समन्वय गर्ने।

## परिच्छेद-४

## विविध

**६. बजेटको व्यवस्था:**

(१) समितिको कार्य सञ्चालनको लागि उपमहानगरपालिकाले आवश्यक बजेट रकम विनियोजन गर्नेछ।

(२) समितिको अध्यक्षको तोकादेशानुसार उपमहानगरपालिकाको महिला तथा बालबालिका सम्वन्धी शाखाको शाखा प्रमुखले एक पीडितलाई बढीमा रु. दश हजारसम्म नगद वा सो बराबरको जिन्सी सहयोग दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको शाखा प्रमुखले सहयोग दिन आवश्यक पर्ने रकम कार्यालयबाट पेश्की लिई कानून बमोजिम खर्च गरी फर्छ्यौट गर्नु गराउनु पर्नेछ।

**७. वाधा अड्काउ फुकाउने:**

निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा अड्काउ आई परेमा सो वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकाको हुनेछ।

**८. सिफारिस भए बमोजिम गर्नु पर्ने:**

पीडितलाई उद्धार, सहयोग, संरक्षण, उपचार, शिक्षा लगायत आवश्यक विषयमा यस निर्देशिका बमोजिम सम्बन्धित निकाय वा पदाधिकारी समक्ष सिफारिस भए बमोजिम सम्बन्धित निकाय वा पदाधिकारीले गर्नु गराउनु पर्नेछ ।

**9. निवेदन नक्शाङ्कन नामावली सिफारिस र दर्ता:**

पीडितसंग सम्बन्धित सेवा प्रदायक निकायहरुको विवरण अनुसूची-१, सेवा प्रदायकहरुको नक्साङ्कन अनुसूची-२, पीडित वा पीडितको तर्फबाट दिइने निवेदन अनुसूची-३, निवेदनको दर्ता रजिष्टर अनुसूची-४ र पीडितलाई सेवा वा सहयोगका लागि गरिने सिफारिस अनुसूची-५ बमोजिम हुनेछ।

## अनुसूची-१

## प्राथमिक सेवा प्रदायक निकायहरूको विवरण

| क्र. सं. | कार्यालय, संस्था वा संयन्त्रको नाम ठेगाना | सेवा क्षेत्र | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | इमेल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-२
## सेवा प्रदायक निकायहरुको नक्साङ्कन

| क्र. सं. | कार्यालय, संस्था वा संयन्त्रको नाम ठेगाना | कार्यक्रम (प्रदान गरिने सेवा) | कार्यक्रमको समयावधी | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर | इमेल |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-३
## पीडित वा पीडितकोतर्फबाट निवेदन

श्री प्रमुख ज्यू
......पालिकाको कार्यलय, ......।

विषयः आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा ......................................जिल्ला................................... ....पालिका वडा नं. ............... निवासी.............................. को छोरा/छोरी बर्ष .....को म। मेरो............................श्री............................., ............................................................................................................. .............................................(संक्षिप्त घटना विवरण र महिला तथा बालिका विरुद्ध हुने हिंसाको प्रकृति लेख्ने) तपसिल अनुसारको सहयोगको आवश्यकता भएकोले सहयोग गरी दिनहुन अनुरोध गर्दछु ।

१) मनोसामाजिक सहयोग २) सुरक्षा वा संरक्षण सेवा ३) स्वास्थ्योपचार ४) कानूनी सहायता ५) सीपमूलक तालिम वा आयआर्जन सहयोग ६) दुव्र्यसनी पुर्नस्थापना केन्द्र ७) पारिवारीक वा सामुदायिक समावेशीकरण

संलग्न कागजातहरु

निवेदक

नामः
ठेगानाः
दस्तखतः
मितिः

अनुसूची २

(दफा ४ तथा अनुसूची (१) को भाग (२) संग सम्बन्धित )

## अनुसूची-४

## निवेदन दर्ता रजिष्टर

| क्र. स. | सिफारिस गरिएको व्यक्तिको नाम | कोड नं. | लिङ्ग | जात जाति | वडा नं. र टोलको नाम | सिफारिस पठाएको निकाय | केशको प्रकार | केशको हालको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## अनुसूची-५

## सेवा वा सहयोग सिफारिस

घटना दर्ता नम्बरः ................................... सिफारिस मितिः- ..............................

१. सिफारिस गरिएको संस्था/निकायः

संस्था/निकायको नामः ..................................................................................

ठेगानाः ...................................................................................................

यस फाराममा उल्लेखित विवरण बमोजिमको प्रभावितलाई आवश्यक सहयोग र सेवा उपलब्ध गराउनका लागि त्यस संस्था÷निकायमा सिफारिस गरिएको छ ।

नामः............................................................. लिङ्गः ........... उमेर...........

उल्लेखित प्रभावित प्रतिको सहयोग र सेवा समापन नभएसम्म निरन्तर अनुगमन गरी प्रतिवेदन पठाउन हुन अनुरोध गरिन्छ ।

२. प्रभावितको विवरणः

स्थायी ठेगानाः ........................... गापा/नपा, वडा नं. ..........टोलः ................... जिल्ला.............

हालको ठेगानाः........................... गापा/नपा, वडानं. ..........टोलः ..................... जिल्ला...........

प्रभावितका लागि परिवारको सम्पर्क व्यक्तिः

परिवारको सम्पर्क व्यक्तिको नामः ............................................ सम्पर्क फोन नम्बरः....................

ठेगानाः ............................................................................

३. घटनाको संक्षिप्त विवरणः

...........................................................................................................................................

...........................................................................................................................................

प्रभावितको हालको शारीरिक, मानसिक, स्वास्थ्य तथा संरक्षणको अवस्था/स्थितिः

..................................................................................................

अनुसूची २

(दफा ४ तथा अनुसूची (१) को भाग (२) संग सम्बन्धित )

सिफारिस गरिएको सेवा, सहयोग तथा कारवाही (तालिका हेरेर भर्ने)

आपतकालिन सहयोग र तत्काल आवश्यक कार्य: छ छैन

..........................................................................................................

संलग्न कागजातहरुः ...........................................................................

४. सिफारिस गर्नेः

नामः ............................................................ पद .......................

आवद्धता ..................................................... हस्ताक्षरः............................. मितिः .................

५. सिफारिस बुझिलिनेकोः

नामः ....................................... नाता ........................ पदः.......................

हस्ताक्षरः ........................................................ मितिः.............................

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः- २०८३।०२।१३ गते**

**प्रकाशित मिति :- २०८३।०२।२० गते**

**आज्ञाले,**

**मेहिलाल यादव**

**नि.प्रमुख प्रशासकीय अधिकृत**